मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
# सिराहा

प.सं.२०८२/०८३ मिति: २०८२/०९/२५

**विषय**:जाडो मौसममा पशु संरक्षण र व्यवस्थापन सम्बन्धी सचेतना

मुलुकका विभिन्न स्थानमा अत्याधिक जाडो बढेको र शीतलहरका कारण पशुपन्छी फार्म तथा गौशालामा पशुमा चिसोका कारण तनाव (Cold Stress) र अन्य स्वास्थ्य जोखिम देखिन सक्ने भएकोले, पशु सेवा विभागको मिति २०८२/०९/२३, प.सं. ०८२/८३, च.नं. १२६ को पत्रानुसार सचेतनाको लागि समेत लेखी आएको हुँदा सम्बन्धित सबैलाई उल्लेखित व्यवस्थापकीय उपायहरू गर्न/गराउनुहुन अनुरोध गरिन्छ।

**१. न्यानो गोठको व्यवस्थापन:**

- गोठमा चिसो हावा नछिर्ने व्यवस्था गर्ने।
- सामुदायिक पशुका लागि त्रिपाल/टिनले छोपिएको अस्थायी गोठ बनाउने।
- भुइँमा पराल, भुस वा पुराना बोरा बिछ्याउने, पानी चुहिने वा हिलो हुने अवस्थाबाट बचाउने।

**२. पोषणयुक्त आहारको व्यवस्थापन:**

- जाडोमा ऊर्जा आवश्यकता बढी हुने भएकाले दाना, हरियो घाँस र पोषिलो आहार पर्याप्त प्रदान गर्ने।
- सम्भव भए नुन र मिनरल मिश्रण पनि प्रयोग गर्ने।

**३. पानीको व्यवस्थापन:**

- अत्यधिक चिसो पानी नदिइ, मनतातो वा सामान्य तापक्रमको सफा पानी उपलब्ध गराउने।

**४. विशेष हेरचाह आवश्यक पशु:**

- साना र कमजोर चौपाया, गर्भवती र बाच्छाबाच्छी पशुलाई अलग र न्यानो ठाउँमा राखे।
- आवश्यक परे बोरा वा कपडाले ढाकेर चिसोबाट बचाउने।

**५. रोगबाट सुरक्षा:**

- चिसोका कारण निमोनिया, खोकी, ज्वरो, झाडापखाला हुन सक्ने भएकाले लक्षण देखिए तुरुन्त पशु चिकित्सक/प्राविधिकलाई सम्पर्क गर्ने।
- तालिका अनुसार खोप, जुका विरुद्ध औषधी तथा तत्काल उपचार गर्ने।

**६. अन्य व्यवस्थापन:**

- गोठ सधैं सफा राखे र मलमूत्र नियमित रुपमा हटाउने।
- बिहान र साँझ चिसो समयमा पशुलाई बाहिर नछोड्ने।

फोन नं. +९७७-०३३-५२०००८ ईमेल: vhlsec.siraha@gmail.com वेबसाइट: vhlsecsiraha.p2.gov.np